nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

17°C । वर्ष :११, अंक : १३० पृष्ठ ४ । मंगलबार २९ पुस २०८२ । TUESDAY, JANUARY 13, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## पार्टीको एकता कायम राख्न कांग्रेस कार्यवाहक सभापति खड्काको अपिल



**काठमाडौं,२८ पुस ।**

नेपाली कांग्रेस पार्टीका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टीको एकता कायम राख्न अपिल गर्नु भएको छ । खड्काले सोमबार एक विज्ञप्ती जारी गर्दै पार्टी एकतामा प्रतिकुल हुने कुनै पनि गतिविधि नगर्न सबै नेता र कार्यकर्तामा अपिल गर्नु भएको हो । विज्ञप्तीमा भनिएको छ, “नेपाली कांग्रेसका सबै सदस्य, केन्द्रीय कार्यसमितिका पदाधिकारी, एवं सम्पूर्ण केन्द्रीय सदस्य, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, प्रदेश, जिल्ला, क्षेत्र, पालिका, वडा तहका पदाधिकारी तथा सदस्यहरू, भ्रातृ एवं शुभेच्छुक संस्थाहरू तथा सहयोगी सबै साथी मिली देशको विषम परि स्थितिका प्रति गम्भीर हुँदै पार्टी भित्र उत्पन्न असहज अवस्थालाई समाप्त पार्न जरुरी छ ।” उहाँले भन्नु भएको छ, “यस्तो अवस्थामा पार्टी एकतामा प्रतिकुल असर पर्ने कुनैपनि गतिविधि नगर्न सम्बन्धित सबैमा अपिल गर्दै पार्टीमा सम्पूर्ण एकताका साथ अगाडि बढ्न हार्दिक अनुरोध गर्दछु ।” नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन आइतबारदेखि काठमाडौँमा सुरु भएको अवस्थामा दोस्रो दिन कार्यवाहक सभापति खड्काले यस्तो अपिल गर्नु भएको हो ।

## म एमालेमा प्रवेश गर्ने हल्ला भ्रामक हो त्यसमा कुनै सत्यता छैन : पूर्वमन्त्री प्रदीप यादव



**नेपाल पोष्ट संवदाता**

**बीरगन्ज,२८ पुस ।** :

पूर्वमन्त्री प्रदीप यादवले आँफु नेकपा एमालेमा प्रवेश गर्ने हल्लामा कुनै सत्यता नरहेको बताएका छन् ।पर्सा क्षेत्र नम्बर १ का निर्वतमान सांसद समेत रहेका यादवले भने,’केहि मिडियामा एमालेमा प्रवेश गर्ने तयारी भनेर समाचार लेखेको भनेर भ्रामक हल्ला फिजाइएको रहेछ,त्यो भ्रामक हल्ला हो,एमाले प्रवेश गर्ने कुरा मैले सोचेकै छैन । सोमबार केही अनलाइन मिडियामा पूर्वमन्त्री प्रदीप यादव एमालेमा प्रवेश गर्ने तयारीमा भन्ने समाचार आएको छ । उक्त समाचारको खण्डन गर्दै यादवले भने,’ हामीले मधेसको मद्दालाई अझ सशक्त बनाउन र मधेस आन्दोलनका उपलब्धिका रक्षाका लागि जसपा नेपालसंग एकता गरेका हौं । कुनै पदको बार्गेनिङ गरेर होइन । यादवले एमालेमा प्रवेश गर्ने हल्लाको पछाडि नलाग्न नेताकार्यकर्तालाई आग्रह पनि गरे ।

## त्रिशूली किनारमा फेला परेको बसको अवशेष उत्खनन जारी

**चितवन,२८ पुस ।**

तनहुँको आबुँखैरेनी गाउँपालिका-५ अन्तर्गत दुन्द्राङबेँसी क्षेत्रमा त्रिशूली नदी किनारमा फेला परेको बसको अवशेष उत्खनन कार्य आज पनि निरन्तर हुने भएको छ । नारायणगढ-मुग्लिन सडकखण्डमा पहिरोले बगाएर त्रिशूली नदीमा खसेको आशंका गरिएको बसको केही भाग आइतबार नदी किनारमा भेटिएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीले उत्खनन सुरु गरेका थिए । आइतबार दिनभर गरिएको प्रयासपछि आज पनि सोही कार्यलाई निरन्तरता दिइने जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । जिल्ला प्रहरी कार्यालय तनहुँका अनुसार आइतबार बिहान करिब १० बजेर ४५ मिनेटमा त्रिशूली नदी किनारमा बसको अगाडिको केही भाग बालुवामा पुरिएको अवस्थामा देखिएको थियो । प्रारम्भिक अनुमानअनुसार उक्त बस २०८१ असार २८ गते चितवनको भरतपुर महानगरपालिका-२९ स्थित सिमलताल क्षेत्रमा त्रिशूलीमा खसेको बागमती प्रदेश ०३-००१ ख २४९५ नम्बरको ‘गणपति डिलक्स’ बस हुन सक्ने प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए । सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय साराङघाटबाट प्रहरी नायब निरीक्षकको नेतृत्वमा दुई जना र इलाका प्रहरी कार्यालय आबुँखैरेनीबाट प्रहरी निरीक्षकको नेतृत्वमा १२ जनाको टोली घटनास्थलमा परिचालित गरिएको छ ।

बसको अवशेष नदी किनारमा पुरिएको अवस्थामा देखिए पनि हालसम्म पूर्ण रूपमा यकिन हुन नसकेको प्रहरीले जनाएको छ । पुरिएको बसको उत्खननसँगै घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

## पिकअपको ठक्करबाट साइकल यात्रीको मृत्यु

**जनकपुर,२८ पुस ।**

सप्तरीको खडक नगरपालिकामा पिकअप गाडीको ठक्करबाट एक वृद्ध साइकल यात्रीको मृत्यु भएको छ । नगरपालिकाको वडा नम्बर ५ खरचुईया स्थित पूर्वपश्चिम राजमार्गमा पिकअप गाडीको ठक्करबाट सोही नगरपालिका वडा नम्बर ३ घर भएका ७९ वर्षीय साइकल यात्री लखन ठाकुरको मृत्यु भएको हो । आइतबार साँझ पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको नम्बर नखुलेको पिकअप गाडीले उत्तरबाट दक्षिणतर्फ सडक पार गरिरहनु भएका ठाकुरलाई ठक्कर दिएको थियो । दुर्घटनामा गम्भीर घाइते ठाकुरलाई उपचारका लागि सप्तऋषि अस्पताल, लहान सिरहा लगिएकोमा उपचारकै क्रममा साँझ ७ बजे चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय

बाँकी तेश्रो पृष्ठमा⇨

## प्रतिनिधिसभा निर्वाचनका लागि रौतहटमा ३ हजार ८५१ निर्वाचन प्रहरी भर्ना

**रौतहट,२८ पुस ।**



आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै रौतहटमा तीन हजार ८५१ जना निर्वाचन प्रहरी भर्ना गरिने भएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटले शुक्रबारदेखि निर्वाचन प्रहरीका लागि आवेदन प्रक्रिया सुरु गरेको हो ।जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विष्णुप्रदिप बस्यालका अनुसार आइतबारसम्म १५२ महिलासहित कुल ९५२ जनाले आवेदन दर्ता गराइसकेका छन् ।कुल भर्नामध्ये नेपाल प्रहरीतर्फ तीन हजार ४६६ जना र सशस्त्र प्रहरी बल नेपालतर्फ ३८५ जना निर्वाचन प्रहरी खटाइने जनाइएको छ । आवेदन दिएका उम्मेदवारहरूका लागि आगामी माघ ४ गते सम्पर्क मिति तोकिएको छ भने माघ ५ देखि ९ गतेसम्म छनोट प्रक्रिया सञ्चालन हुनेछ । छनोट भएका उम्मेदवार हरूको अन्तिम नतिजा माघ १२ गते सार्वजनिक गरिने छ । नियुक्त भएका निर्वाचन प्रहरीले नियुक्ति मितिदेखि ४० दिनसम्म सेवा सुविधा प्राप्त गर्ने जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## समावेशी शिक्षाको कार्यान्वयनमा सरोकारवालाको जोड



**इटहरी,२८ पुस ।**

अपाङ्गता भएका बालबालिका, भाषिक तथा सांस्कृतिक विविधता भएका विद्यार्थी तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायका बालबालिकालाई समावेशी शिक्षामा समेट्न सकिने व्यवहारिक उपायबारे सरोकारवाला पक्षबीच इटहरीमा छलफल गरिएको छ ।काठमाडौँ विश्वविद्यालयले यहाँ आयोजना गरेको “समावेशी शिक्षा : नीति र अभ्यास” विषयक कार्यशालामा सहभागी शिक्षाविद् तथा सरोकारवालाले समावेशीशिक्षाको नीति कागजमा मात्र सीमित नभई सबै प्रकारका फरक क्षमता भएका बालबालिकासमेतका लागि हुने गरी व्यवहारिक रुपमा कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिएका थिए । कार्यशालामा नेपालमा विद्यमान समावेशी शिक्षा सम्बन्धी नीति, संविधान, शिक्षा ऐन तथा स्थानीय तहको भूमिकाबारे सूक्ष्म समीक्षा गरिएको थियो । कार्यक्रममा विज्ञ वक्ताले नीति तहमा नेपालले समावेशी शिक्षालाई सुनिश्चित गर्न पर्याप्त कानुनी व्यवस्था गरेको भए पनि विद्यालय तहमा त्यसको प्रभावकारी कार्यान्वयन अझै कमजोर रहेको धारणा राखेका थिए । सहभागीहरूले नीति र व्यवहार तथा अभ्यासबीचको दूरी नै समावेशी शिक्षा कार्यान्वयनको प्रमुख चुनौती रहेको उल्लेख गरेका थिए । कक्षाकोठामा समावेशी वातावरण निर्माण गर्ने तरिका, विभेदरहित शिक्षण विधि, विद्यार्थीको व्यक्तिगत आवश्यकताअनुसार शिक्षण सामग्री प्रयोग गर्ने उपाय तथा सहपाठी सहयोग प्रणालीबारे काठमाडौँ विश्वविद्यालयका शिक्षकहरू प्रिसिमा थापा, रमेश बराल र महेन्द्र थापाले सहजीकरण गर्नुभएको थियो । सो अवसरमा आयोजकको तर्फबाट सरिता खतिवडा, सिर्जना तिम्सीना, यादवा रेग्मी र पंकज राय अधिकारीलगायतले समावेशी शिक्षाको सफल कार्यान्वयनले समानता, सामाजिक न्याय र दिगो विकासतर्फ देशलाई अघि बढाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यशालाका प्रमुख अतिथि विश्व आदर्श एकेडेमीका अध्यक्ष एवं शिक्षाविद् लेखनाथ घिमिरेले नीति निर्माणसँगै निरन्तर अनुगमन र व्यवहारिक तालिम तथा अभ्यासले मात्र समावेशी शिक्षालाई प्रभावकारी बनाउन सक्ने धारणा राख्नु भयो ।

इटहरी उपमहानगरपालिकाका प्रवक्ता दिवश पोखेलले समावेशी शिक्षाको सफल कार्यान्वयनका लागि शिक्षक सशक्तीकरण, स्थानीय तहको सक्रिय भूमिका, अभिभावक र समुदायको सहभागिता अपरिहार्य रहेकोमा जोड दिनुभयो ।

## महाधिवेशनबारे कार्यसम्पादन समितिको निर्णयमा अडिग छौं : सहमहामन्त्री यादव



**बीरगन्ज,२८ पुस ।**

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले पार्टी केन्द्रीय कार्यसम्पादन समितिको बैठकले विशेष महाधिवेशनसम्बन्धी गरेको निर्णयमा अडिग रहेको बताएका छन् । सभापति शेरबहादुर देउवासँगको सोमबार भएको छलफलपछि महाराजगञ्जबाट बाहिरिने क्रममा उनले विशेष अधिवेशनको औचित्य छैन भनिसकेका कारण पार्टी केन्द्रीय कार्यसम्पादन समितिको निर्णयमा अडिग रहेको बताएका हुन् । ‘केन्द्रीय कार्यसमिति एक ढिक्का भएर पार्टी जोगाउने हो । सबैलाई एकढिक्का रहन आह्वान गर्ने हो,’ सहमहामन्त्री यादवले भने, ‘कार्यसम्पादनको बैठकले विशेष अधिवेशन वा भेलाको औचित्य छैन भनिसकेको कारणले केन्द्रीय कार्यसमिति निर्णयमा अडिग छ ।’ कार्यसम्पादन समितिको १८ पुसमा बसेको बैठकपछि कांग्रेसले जारी गरेको विज्ञप्तिमा १५ मंसिरदेखि नै विशेष महाधिवेशनको माथ स्वतः समाप्त भएको दाबी गरेको थियो । ‘नियमित १५औं महाधिवेशनको कार्यतालिकाबमोजिम आवश्यक प्रक्रिया अघि बढिसकेको सन्दर्भमा ‘विधानबमोजिम समयमै नियमित १५औं महाधिवेशन वा सोही अवधिमा विशेष महाधिवेशन’ गर्न भनी माग गरिएको विशेष महाधिवेशनको औचित्य १५ मंसिरदेखि नै स्वतः समाप्त भएको व्यहोरा स्पष्ट गरिन्छ,’ विज्ञप्तिमा भनिएको थियो । सहमहामंन्त्री यादवले आगामी वैशाखमा हुने कांग्रेसको १५औं महाधिवेशनले नेतृत्व चयन गर्ने पनि जिकिर गरे । ‘नेपाली कांग्रेसको १५ औं महाधिवेशन वैशाख २८-३१ मा हुन्छ । केन्द्रीय कार्यसम्पादन समितिबाट कार्यतालिका आइसकेको छ । त्यहीबाट केन्द्रीय नेतृत्व चयन हुन्छ,’ उनले भने, ‘विशेष महाधिवेशन केन्द्रीय कार्यसमितिले गरेकै छैन । केन्द्रीय कार्यसमितको निर्णयलाई वडादेखि माथिसम्म सबैले मान्नु पर्ने हुन्छ ।’ सहमहामन्त्री यादवले सबै जना एकढिक्का भएर आगामी आमनिर्वाचनमा पार्टीका उम्मेदवार जिताउनुपर्नेमा पनि जोड दिए । देउवा निवासमा अहिले पनि छलफल जारी छ ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा



Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## कुखुरालाई एन्टिबायोटिक

नेपाल अहिले कुखुराको मासु र अन्डामा आत्मनिर्भर छ । उपभोक्ताको माग अनुसार कुखुराको मासु बढी खपत हुन्छ । ब्रोइलर कुखुरा उत्पादनले मासु सस्तो र माग पूरा गर्न सम्भव भएको हो । कुखुराको मासुमा प्रोटिन, क्याल्सियम, एमिनो एसिड, भिटामिन बी ३, भिटामिन बी ६, म्याग्नेसियम र अन्य महत्वपूर्ण पोषक तत्व पाइन्छ । यति हुँदाहुँदै पनि ब्रोइलर कुखुराको अप्राकृतिक उत्पादनले मानव स्वास्थ्यमा समस्या ल्याएको विभिन्न अध्ययनले देखाएको छ । लोकल कुखुराको तुलनामा ब्रोइलर कुखुराको रोग प्रतिरोधात्मक क्षमता कम हुन्छ । ब्रोइलर कुखुरालाई रोगप्रतिरोधात्मक क्षमता बढाउन एन्टिबायोटिक दिइन्छ । कुखुरालाई दिइएको त्यो औषधीको असर मासुमा पनि रहन सक्छ । त्यस्तो मासु खाँदा केही न केही असर मानिसलाई गर्छ । ब्रोइलर कुखुराको मासुलाई राम्ररी स्टोर गरिएन वा राम्ररी पकाएर खाइएन भने मासुमा भएको एन्टिबायोटिकले मानिसलाई असर गर्ने पशु चिकित्सक बताउँछन् । कुखुरालाई रोग लाग्दा एन्टिबायोटिक दिनु पर्छ । केही दिनमै यसको असर क्रमशः कम हुँदै जान्छ । एन्टिबायोटिक दिनेबित्तिकै ब्रोइलर कुखुरा बजार लैजानु हुँदैन । एन्टिबायोटिक दिएर निको भएपछि मात्र मासुका लागि ब्रोइलर कुखुरा प्रयोग गर्नु पर्छ । यसो गर्दा मानव शरीरमा नकारात्मक प्रभाव पर्ने सम्भावना कम हुन्छ । एन्टिबायोटिक चलाएर तुरुन्तै ब्रोइलर कुखुरा बजारमा बिक्री गरियो र त्यो कुखुराको मासु खाँदा मानिसलाई असर गर्छ । यसमा सबै सचेत हुनु पर्छ । नियमित रूपमा एन्टिबायोटिक औषधीयुक्त कुखुराको मासु खाँदा शरीरले बिस्तारै एन्टिबायोटिक्सविरुद्धको प्रतिरोधक क्षमता विकास गर्ने सम्भावना हुन्छ । औषधी खुवाइएका कुखुराको मासु खानाले मानिसको शरीर त्यस एन्टिबायोटिक प्रतिरोधी बन्न जान्छ । त्यसपछि रोग लागेको बेला उक्त एन्टिबायोटिक औषधी खाँदा त्यसले काम नगर्ने समस्या पैदा हुन सक्छ । एन्टिबायोटिक प्रयोग भएको मासु खाँदा मोटोपनको समस्या बढी देखिनुका साथै ग्रोथ हार्मोनले बालबालिकालाई हलक्क बढाउँछ । एन्टिबायोटिकको प्रकृति हेरेर ४८ देखि ७२ घण्टासम्म त्यसको प्रभाव मासुमा रहन्छ । त्यसैले एन्टिबायोटिक दिएको ४८ देखि ७२ घण्टापछि मात्र कुखुरा बिक्रीका लागि बजारमा पठाउनु पर्छ । यस कुरामा व्यवसायीलाई सचेत मात्र होइन, सतर्क गराउनु पर्छ । मानव स्वास्थ्यभन्दा ठुलो अरू हुन सक्दैन । सर्लाहीका कुखुरापालक व्यवसायी विदुर सुवेदी कुखुरालाई एन्टिबायोटिकको प्रयोग गरेर तौल बढाउनका लागि पशु प्राविधिकको सल्लाह लिनुहुन्छ । उहाँ जस्ता हजारौं व्यवसायी कसरी कम समयमा कुखुराको तौल बढाउने र आम्दानी गर्ने भन्नेमा बढी तल्लीन रहेको पाइएको छ । चल्लालाई एन्टिबायोटिक दिएर ३५ दिनमै ठुलो बनाउने र बिक्री गर्ने ध्याउन्नमा व्यवसायी छन् । जति धेरै दिन कुखुरा पालेर राख्यो त्यति नै घाटा बेहोर्नुपर्ने कारण व्यवसायीले लामो समयसम्म कुखुरा पाल्न चाहँदैनन् । व्यवसायीलाई कुखुरामा कुन एन्टिबायोटिकको प्रयोग भएको छ भन्दा पनि कसरी कुखुरालाई कुनै रोग नलागी हुर्काएर बिक्री गर्ने भन्ने चिन्ता छ । अघिल्लो दिनसम्म एन्टिबायोटिक खुवाइएका कुखुरा भोलिपल्ट बजारमा ल्याएर बिक्री गर्ने गरिएको पनि पाइएको छ । कुखुरापालक व्यवसायी एन्टिबायोटिक प्रयोगले हुर्किएका कुखुरा ४० दिनमा बिक्री गरिसक्नुपर्ने भन्दै अन्यथा घाटा बेहोर्नुपर्ने बताउँछन् । पशु स्वास्थ्य विभागका महानिर्देशक डा. उमेश दाहालले कुखुरामा एन्टिबायोटिकको प्रयोग बढिरहेको स्विकार्नु हुन्छ । उहाँ त्यसलाई रोक्न सबैको सहकार्य आवश्यक रहेको बताउनुहुन्छ ।

उहाँका अनुसार कुखुरामा एन्टिबायोटिकको प्रयोगले ती औषधीप्रति प्रतिरोधी क्षमता भएका ब्याक्टेरिया उत्पादन हुने र मानिसले त्यस्तो कुखुराको मासु उपभोग गर्दा प्रतिरोधी ब्याक्टेरिया मानव शरीरमा प्रवेश गर्छन् । महानिर्देशक डा. दाहालले एन्टिबायोटिकको उचित प्रयोग गर्नुपर्नेमा जोड दिनुहुन्छ । कुखुराको तौल वृद्धि एन्टिबायोटिक प्रयोगका कारणले मात्र नभई प्रजनन सुधार र पोषण व्यवस्थापनका कारणले पनि हुने गर्छ । कुखुराको उपचारका लागि आवश्यक मात्रामा एन्टिबायोटिक प्रयोग उचित हुने तर त्यसको दुरुपयोग गर्नै हुँदैन । पशु स्वास्थ्य विभागले समय समयमा मासुको परीक्षण गर्दै जनचेतना अभिवृद्धि र एन्टिबायोटिकका विकल्प प्रवर्धनमा भूमिका निर्वाह गर्दै आएको छ । अन्डा र मासुमा कम्तीमा उत्पादन मिति र उत्पादन स्थल खुल्ने गरी लेबलिङ अनिवार्य गर्नुपर्ने, मासु प्रयोगको गलत अभ्यास गर्नेलाई कडाइका साथ रोक्नु पर्छ । उपत्यकाका तीन जिल्लामा गरिएको एक अध्ययनमा ३० वटा पोल्ट्री फार्ममध्ये ९० प्रतिशतमा एन्टिबायोटिक प्रयोग भइरहेको पाइएको छ । अध्ययनका क्रममा प्रतिबन्धित एन्टिबायोटिकसमेतको प्रयोग, व्यवसायीलाई कुन रोगका लागि औषधी प्रयोग गरिएको हो भन्नेसमेत जानकारी नहुनु र त्यसको तथ्याङ्कसमेत राखिएको देखिएन । त्यसैले मानव स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखी कुखुरामा एन्टिबायोटिकको उचित प्रयोगमा ध्यान दिनु जरुरी छ ।

# कांग्रेसले काँचुली फेर्ने अवसर



**राजाराम गौतम**

संस्थापन पक्षको दबाब र रोकावटका बाबजुद नेपाली कांग्रेसको विशेष महाधिवेशन आइतबार सुरु भएको छ । करिब ५४ प्रतिशत प्रतिनिधिहरूको मागअनुरूप भएको यो विशेष महाधिवेशनमा अपेक्षा गरेभन्दा बढीको उपस्थिति रहेको आयोजकको दाबी छ । संस्थापन पक्षले जारी गरेको उर्दी मानेर अनुपस्थित हुनेहरू पनि त्यत्तिकै छन् । यसरी प्रतिकूलताका बीच विशेष महाधिवेशन हुनुलाई नै यसका पक्षधरहरूले राजनीतिक जितका रूमपा अर्थ्याएका छन् । दुई कारणले त्यस्तो अर्थ लागेको हो । पहिलो, सभापति शेरबहादुर देउवाको अगुवाइमा रहेको संस्थापन गुट कांग्रेसमा बलियो भएको विश्वास गरिन्छ । दोस्रो, मध्यस्थताका नाममा द्विविधाग्रस्त बनेका शेखर कोइराला पनि विशेष महाधिवेशनको पक्षमा नउभिएपछि धेरैको अनुमान थियो, उपस्थिति कमजोर रहन्छ र विशेष पक्षधर रक्षात्मक बन्छन् । तर, भइदियो उल्टो । विशेष महाधिवेशन पक्षधर उत्साहित र संस्थापन पक्ष रक्षात्मक भएको छ । संस्थापनको मिचाहा प्रवृत्तिविरुद्ध विशेष महाधिवेशन पक्षधरले यसको आयोजना गरेर विधानभन्दा माथि कोही नरहेको सन्देश मात्रै दिएनन्, विधान मिच्ने प्रवृत्ति अस्विकार्य रहेको गतिलो जवाफ पनि दिएका छन् । तर, के राजनीतिक संकटको भुमरीमा फसेको कांग्रेसले विशेष महाधिवेशन आयोजना गर्नु मात्र उपलब्धि हो त ? आयोजना गर्नुले मात्रै यो पार्टीले आफ्नो औचित्य र सान्दर्भिकता पुष्टि गर्न सक्ला ? के यो महाधिवेशनले कांग्रेसको आगामी गन्तव्यको प्रस्ट खाका कोर्न सक्ला ? सक्छ भने, त्यो खाका के हो ? उठ्नुपर्ने र सम्बोधन हुनुपर्ने मुद्दाहरू के-के हुन् ? केन्द्रीय प्रश्न, विशेष महाधिवेशनले नयाँ नेतृत्व फेर्न सक्ला ? नीतिगत सुधार के-के होलान् ? अथवा के-के हुनुपर्छ ? आज दोस्रो दिन यस्ता अनेक प्रश्नहरू सर्वाधिक चासोको विषय बनेका छन् । आठ दशक लामो राजनीतिक इतिहासमा कांग्रेसले दोस्रो पटक विशेष महाधिवेशन गरेर ऐतिहासिक काम फत्ते गरेको छ । यद्यपि, यो कति ऐतिहासिक रहला अथवा औपचारिक भन्ने कुरा यसले लिने निर्णय र बाटोले तय गर्नेछ । त्यस हिसाबले विशेष महाधिवेशनको यो दोस्रो दिनको महत्त्व अझ बढी छ । कांग्रेस यतिबेला सामान्य गुटगत वा संगठनात्मक विवादमा मात्रै छैन । यसमा विधान मान्ने र नमान्ने प्रवृत्तिबीचको द्वन्द्व छ । सहभागिता र बहिष्कारको दबाब छ । 'आउटडेटेट' र नवीन नेतृत्वबीचको छनोटको चुनौती छ । नीतिगत प्रस्टता र सुधारसँगै मुख्य कुरा यो पार्टीले लोकतन्त्रलाई व्यवहारमा कति बलियोसँग स्विकार्छ, कांग्रेस यी सबैको समष्टिगत परीक्षाको घडीमा छ । यो परीक्षामा अब्बल सावित हुन विशेष महाधिवेशनका मूलतः तीन कार्यभार छन् । जसको यहाँ चर्चा गरिएको छ । **राजनीतिक श्वेतपत्र** सबैभन्दा पहिला, कांग्रेसले आफ्नैबारेमा गहिरो र निर्मम भएर आत्मसमीक्षा गर्नुपर्ने छ । यो विशेष महाधिवेशन विशेष परिवेशमा भइरहेको सर्वत्र ज्ञात छ । २३ र २४ भदौको घटना यसको पृष्ठभूमि हो । २३ गते जेन-जीको आह्वानमा भएको सडक प्रदर्शन र २४ गतेको अराजकता र विध्वंसपछि नेपाली राजनीति एकाएक संकटपूर्ण मोडमा पुग्यो । निर्वाचनबाट राजनीतिक अनि संवैधानिक संकट हल गर्ने प्रयत्न भइरहेका छन् । नयाँ र वैकल्पिक शक्ति/पात्रहरू जनतालाई अनेक सपना देखाउँदै प्रकट भइरहँदा ठूला र पुराना भनिएका दलहरू सच्चिएर परिस्कृत हुनेतर्फ अग्रसर खासै छैनन् । वा भनौं, तिनले जनतालाई संकटको नेतृत्व लिन सक्ने विश्वास दिलाउन सकेका छैनन् । झन् कांग्रेस त आन्तरिक कलहबाट आहत छ । संस्थापन पक्ष विधान मिच्ने निम्न हदमा ओर्लिएको छ । गुटगत स्वार्थ चुलीमा पुगेको छ । यो सन्दर्भमा यो विशेष महाधिवेशनको चुनौती भयानक छ । एकातिर यसले कांग्रेसको आन्तरिक संकटको कारण पहिल्याउँदै नेतृत्व कहाँ-कहाँ चुक्यो ? ती 'ब्लन्डर' (महागल्ती) हरू सच्याएर आगामी दिनको कांग्रेस कस्तो हुनेछ भन्ने इमानदार मार्गचित्र कोर्न सक्नुपर्छ भने सँगै जनस्तरमा उर्लेको असन्तुष्टि, आक्रोश र अपेक्षालाई सम्बोधन गर्दै राजनीतिक श्वेतपत्र घोषणा गर्न सक्नुपर्छ । विशेष महाधिवेशनको यो आधारभूत कार्यसूची बन्नुपर्छ । **नीतिगत पुनर्जागरण** नेपालको लोकतान्त्रिक आन्दोलनमा कांग्रेसको अग्रणी भूमिका कसैले पनि अस्वीकार गर्न नसक्ने तथ्य हो । कांग्रेसले एक सय चारवर्षे जहानियाँ राणा शासनविरुद्ध क्रान्तिको बिगुल फुक्यो । नागरिकको न्यूनतम र आधारभूत लोकतान्त्रिक अधिकारको पैरवी गर्दै यसको जन्म भयो । आफूलाई क्रान्तिको नेतृत्वकर्ताका रूपमा उभ्यायो । त्यस हिसाबले यो क्रान्ति चेत भएको पार्टी हो । अनेक उतारचढाव र संक्रमणका बीच यसले आफूलाई विद्रोही शक्तिका रूपमा पनि इतिहासमा स्थापित गरेकै हो । २०४६ सालमा आइपुग्दा यो समन्वय र संयोजनकारी शक्ति बन्यो । कम्युनिस्टहरूसँग मिलेर लोकतन्त्र पुनःस्थापनाको आन्दोलनको नेतृत्व लियो । २०६३ मा दोस्रो जनआन्दोलन र त्यसपछिको शान्ति प्रक्रिया र संविधान निर्माणमा त यसले अभिभावकीय भूमिका नै खेल्यो । तर, आजको कांग्रेसमा यी कुनै पनि चरित्र विद्यमान

बाँकी तेश्रो पृष्ठमा⇨

# संक्रमणकालीन समयमा युवाको दायित्व

**प्रवीन सिलवाल**

जेन-जी आन्दोलनले युवाहरूमा राजनीतिक चेतको बीजारोपण गरेको छ । पछिल्लो चार महिना मुलुकको राजनीतिक घटनाक्रम र सामाजिक परिवेशलाई नियाल्दा युवाहरूको राजनीतिप्रतिको चासो बढेको देख्न सकिन्छ । आन्दोलनको उद्देश्य केवल सरकार बदल्नु मात्रै नभई देशको अवस्थामा समेत बदलाव ल्याउनु रहेकाले आम युवाको राजनीतिप्रति चासो बढ्नु स्वाभाविक मान्न सकिन्छ । आन्दोलनको सुरुवातमा तत्कालीन सरकारले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्ध फुकुवा गरिनुपर्ने, सुशासन कायम गरिनुपर्ने र भ्रष्टाचारको अन्त्य हुनुपर्ने मागमा सबैको एकमत रहे पनि विकसित राजनीतिक घटनाक्रमले सबैको आकांक्षालाई भने सम्बोधन गर्न सकेको छैन । सरकार र जेन-जीबीच भएको सम्झौतामाथि समेत प्रश्न उठेको छ । यद्यपि, जेन-जी आन्दोलनपश्चात् युवाहरूले जिम्मेवारी महसुस गरेको पनि पाइन्छ । समग्र देशले जेन-जीसँग जवाफका साथै निकाससमेत खोजिरहेकाले उनीहरूले आफ्नो कलिलो दिमाग खियाइरहेका छन् । नेपालका हरेकजसो परिवर्तनका निम्ति युवाहरूको महत्त्वपूर्ण योगदान रहेको छ । प्रत्येक पटक केवल निश्चित समूहको सत्ता यात्राका लागि भऱ्याङ मात्रै बनेका युवा पुस्ता यस पटक भने निर्णायक शक्तिका रूपमा समेत उदाएका छन् । यसले जेन-जीमा थप जिम्मेवारी बढाएको छ । नेपालमा लामो समय पाका उमेरका नेताहरूले देशको नेतृत्व गर्ने परम्परा नै बसेको अवस्था थियो । हरेक जसो दल र संगठनमा युवा पुस्ताको योगदानका तुलनामा निर्णायक सहभागिता कमजोर देखिन्थ्यो । तर, अहिले समय बदलिएको छ । हरेकजसो राजनीतिक शक्तिमा अहिले युवाहरूको अर्थपूर्ण सहभागिताको बहस सुरु भएको छ । नेपाल जस्तो लोकतान्त्रिक मुलुकका लागि युवाहरूको निर्णय तहमा अर्थपूर्ण सहभागिता रहनु अत्यन्तै सकारात्मक पक्ष हो ।

दार्शनिक कार्ल म्यानहाइमले भनेका छन्, 'प्रत्येक पुस्ताले आफ्नो समयको संकट, परिवर्तन र संघर्षबाट राजनीतिक चेतना निर्माण गर्छ ।' कुनै समयको पुस्ता अन्धविश्वास र कुरीतिका विरुद्ध लडिरहेको थियो । अब समय बदलियो । जेन-जी समानता, पहिचान र अर्थपूर्ण सहभागिताका लागि लडिरहेका छन् । यो डिजिटल युगका युवा पुस्ता छोटो समयमा उत्कृष्ट नतिजा हेर्न चाहन्छन् । लामो आलेख, दस्तावेज र अखबार पढेरभन्दा टिकटक, फेसबुकजस्ता सामाजिक सञ्जालमा केही सेकेन्डको भिडियोमार्फत कुराहरू बुझ्न चाहन्छन् । यसैबाट उनीहरू आफ्नो धारणा र निर्णयसमेत बनाइरहेका हुन्छन् । प्रविधिको तीव्र विकाससँगै अभ्यस्त हुँदै गएको यो पुस्ता प्रविधिकै अधिकतम प्रयोगबाट आफ्नो चेतनालाई जागृत गराइरहेका छन् । कृत्रिम बौद्धिकताको युगमा प्रवेश गरिसकेको यो पुस्ताले सूचनासँगको पहुँचको दूरीलाई कम बनाउँदै लगेका छन् । यसले गर्दा उनीहरूको राजनीतिक चेतको विकासमा गति थप्नुका साथै राजनीतिक चेतलाई थप मजबुत र परिष्कृतसमेत बनाएको छ । संकटमा नै वास्तविक परीक्षा हुन्छ । मुलुकले अप्रत्याशित संकट भोगेको समयमा नागरिक समाजको विवेकपूर्ण प्रयत्नले तत्कालका लागि संकट केही हदसम्म मत्थर भएको छ । कुनै पनि राजनीतिक द्वन्द्व वा संकटबाट पार पाउनका लागि त्यसको तत्काल समाधान नखोजिए त्यसले दीर्घकालीन असर पुऱ्याउन सक्छ भन्ने कुरा विगतको १० वर्षे सशस्त्र जनयुद्धबाट समेत सिकाइ गर्नुपर्ने देखिन्छ । लोकतन्त्रमा कसैलाई निषेधको राजनीति गर्नु गलत मानिन्छ । त्यसकारण, व्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै स्वच्छ लोकतान्त्रिक प्रतिस्पर्धाको पद्धतिबाट समाधान खोज्नु आजको आवश्यकता हो । यसलाई युवाहरूले समेत मनन गर्नुपर्ने देखिन्छ । २१ फागुनका लागि प्रतिनिधिसभाको निर्वाचन तय भएको छ । जेन-जी आन्दोलनपछिको संकटपूर्ण अवस्थाबाट मुलुकलाई सामान्यीकरणको स्थितिमा पुऱ्याउन निर्वाचन शान्तिपूर्ण, भयरहित र उत्साहपूर्ण व्यापक जनसहभागिताका साथ सम्पन्न हुन अपरिहार्य रहेको छ । निर्वाचन आयोगले निर्वाचनको तयारी तीव्र पार्दै समय तालिकाअनुरूप नै अघि बढिरहेकाले निर्वाचनको अनिश्चयमा रुमल्लिनुभन्दा तोकिएकै मितिमा निर्वाचनलाई सफल बनाउन आ-आफ्नो स्थानबाट युवाहरूले नै भूमिका खेल्नुपर्छ । आफ्नो स्वविवेक प्रयोग गर्न नसके स्वार्थ समूहबाट प्रयोग हुन सक्ने अवस्थालाई युवाले बुझ्न जरुरी छ । यसका लागि युवाहरूले मुलुकको भूगोल, इतिहास, अर्थ, कला र संस्कृतिसहित कानुन र वैश्विक राजनीतिका बारेमा समेत सामान्य ज्ञानको जानकारी राख्न आवश्यक छ । युवा तर्कशील पनि हुन जरुरी छ । सही सूचना र व्यक्तिगत विचारको मिश्रणबाट मात्रै तर्कको निर्माण हुने भएकाले पनि त्यसतर्फ युवाको ध्यान पुग्नुपर्ने देखिन्छ । विगतको आन्दोलन वा विद्रोहको समीक्षाबाट अबको नयाँ पुस्ताले सिक्न सक्नुपर्छ । २०३६ सालमा भएको विद्यार्थीहरूको आन्दोलनले बहुदलीय प्रजातान्त्रिक व्यवस्था कि सुधारिएको पञ्चायती व्यवस्था भन्ने विकल्पमा जनमत संग्रहसम्म मुलुकलाई पुऱ्याएको थियो । भलै नतिजा ठीकविपरीत आयो । अहिले हामी ठ्याक्कै त्यस्तै खालको परिस्थितिबाट गुज्रिएका छौं । जुन परिवर्तनका लागि आन्दोलन भएको छ, त्यो संस्थागत हुनुको साटो पुरानै प्रवृत्तिले अनुमोदन पाउने अवस्थासमेत आउन सक्छ । जेन-जी आन्दोलनमा ७० भन्दा बढीले ज्यान गुमाएका र हजारौं घाइते भएका छन् । कसैले राज्यको उन्नति र प्रगतिका लागि गरेको यो हदसम्मको त्याग र बलिदानीलाई उपेक्षा गर्ने छुट कसैलाई नभएको

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## मोदी-मेर्ज वार्ता गान्धीनगरमा



***काठमाडौं,२८ पुस ।***
प्रधानमन्त्री नरेन्द्र मोदीले जर्मन सङ्घीय चान्सलर फ्रेडरिक मेर्जसँग सोमबार गान्धीनगरमा प्रतिनिधिमण्डल स्तरको वार्ता गरेका छन् । चान्सलर मेर्जको यो भारतप्रतिको पहिलो आधिकारिक भ्रमण हो, जुन भारत-जर्मनी कूटनीतिक सम्बन्धको ७५ वर्ष र रणनीतिक साझेदारीको २५ वर्ष पूरा भएको अवसरसँग मेल खान्छ । दुई दिने आधिकारिक भ्रमणमा रहेका चान्सलर मेर्जको यो भ्रमणको मुख्य उद्देश्य भारत र जर्मनीबीचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउनु रहेको जनाइएको छ । गान्धीनगरस्थित महात्मा मन्दिरमा सम्पन्न वार्तामा विदेशमन्त्री एस । जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र विदेश सचिव विक्रम मिस्री पनि सहभागी थिए । वार्ताका क्रममा दुवै नेताले व्यापार, लगानी, प्रविधि, शिक्षा, सीप विकास र श्रम गतिशीलतामा भइरहेको सहकार्यको समीक्षा गरे । साथै रक्षा, सुरक्षा, विज्ञान, नवीनता, अनुसन्धान र दिगो विकासका क्षेत्रमा सहकार्य विस्तार गर्ने सम्भावनाबारे पनि छलफल गरे । यसअघि प्रधानमन्त्री मोदीले चान्सलर मेर्जसँग अहमदाबादस्थित साबरमती आश्रममा न्यानो स्वागत गरेका थिए । पदभार सम्हालेपछि भारतको पहिलो भ्रमणमा आएका चान्सलर मेर्जले त्यहाँ राष्ट्रपिता महात्मा गान्धीप्रति पुष्पाञ्जलि अर्पण गरे र आगन्तुक पुस्तिकामा हस्ताक्षर गरे । त्यसपछि दुवै नेताले संयुक्त रूपमा साबरमती रिवरफ्रन्टमा अन्तर्राष्ट्रिय चङ्गा महोत्सव-२०२६ को उद्घाटन गरे । सांस्कृतिक र कूटनीतिक महत्त्व बोकेको उक्त कार्यक्रममा प्रधानमन्त्री मोदी र चान्सलर मेर्जले भगवान हनुमानको चित्र अंकित चङ्गा उडाएको दृश्य पनि देखिएको थियो । जर्मन चान्सलर मेर्ज सोमबार बिहान दुई दिने आधिकारिक भ्रमणका लागि भारत आइपुगेका हुन् । उनी जनवरी १२ र १३ तारिख भारतमा रहने कार्यक्रम छ । जनवरी १३ मा उनले बोश, नानो विज्ञान तथा इन्जिनियरिङ र सेन्से संस्थाको भ्रमण गरी जर्मनी प्रस्थान गर्ने कार्यक्रम तय भएको छ । यो भ्रमणले नियमित उच्चस्तरीय राजनीतिक संवादलाई थप गति दिने र दुवै देश तथा विश्व समुदायको हितका लागि अग्रगामी साझेदारी विकास गर्ने भारत-जर्मनी साझा दृष्टिकोणलाई पुनः पुष्टि गर्ने अपेक्षा गरिएको छ । प्रधानमन्त्री मोदी र चान्सलर मेर्ज यसअघि क्यानाडामा भएको जी-७ शिखर सम्मेलनको साइडलाइनमा भेट गरेका थिए । त्यहाँ उनीहरूबीच द्विपक्षीय रणनीतिक साझेदारी विस्तार गर्ने सहमति भएको थियो । सोही अवसरमा प्रधानमन्त्री मोदीले चान्सलर मेर्जलाई नयाँदिल्लीको आधिकारिक भ्रमणको निम्तो दिएको थियो । उल्लेखनीय रूपमा, यो भ्रमण जनवरी २७ मा हुने भारत-युरोपेली सङ्घ ९इयु० शिखर सम्मेलनको पूर्वसन्ध्यामा भइरहेको छ, जसले यसलाई थप कूटनीतिक महत्त्व प्रदान गरेको छ ।

## अमेरिकामा इरानविरोधी ऱ्याली भइरहेका बेला ट्रक छिऱ्यो, कैयौँ मानिस घाइते

***काठमाडौं,२८ पुस ।***
अमेरिकामा इरानी सर्वोच्च नेता आयतुल्लाह अली खामेनेईविरुद्ध भइरहेको प्रदर्शनका क्रममा एउटा ट्रक ऱ्यालीमा छिरेको छ । ऱ्यालीमा अचानक ट्रक छिरेपछि मानिसहरू ज्यान जोगाउन भागाभाग गरेका छन् । त्यसपछि आक्रोशित प्रदर्शनकारीहरूले ट्रक चालकमाथि आक्रमण प्रयास गरे । घटना आइतबार दिउँसो लस एन्जलसमा भएको हो । त्यहाँ इरानमा जारी सरकारविरोधी आन्दोलनको समर्थनमा सयौँ मानिस मार्च गरिरहेका थिए । घटनामा कति घाइते भए भन्ने स्पष्ट विवरण आएको छैन । ऱ्यालीमा ट्रक छिरेको घटना वेस्टवुड क्षेत्रको भेटेरन एभिन्यूमा भएको थियो । इरानमा पछिल्ला दुई सातादेखि सरकारविरोधी प्रदर्शन जारी छन् । इरानको ह्युमन राइट्स एक्टिभिस्ट्स न्युज एजेन्सी (एचआरएनए) का अनुसार अहिलेसम्म ५४४ जनाको मृत्यु भइसकेको छ । जसमा ८ बालबालिका पनि छन् । यसका १०,६८१ जनालाई हिरासतमा लिइएको छ । **ट्रम्पको चेतावनी : इरानले सीमा पार गर्दैछ** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी सरकारले प्रदर्शन दबाउन रातो घेरा पार गरिरहेको बताएका छन् । उनले अमेरिका 'कडा विकल्पहरू' मा विचार गरिरहेको बताएका छन् । पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले इरानमा प्रदर्शनकारीमाथि भइरहेको व्यवहारमाथि अमेरिकाको कडा निगरानी रहेको बताए । इरानले रातो घेरा पार गरिसकेको हो कि भन्ने प्रश्नमा उनले भने, 'हेर्दा त्यस्तै देखिन्छ ।' ट्रम्पका अनुसार इरानले अमेरिकासँग सम्पर्क गरेर वार्ताको प्रस्ताव गरेको छ । अहिले बैठक तय गर्न छलफल चलिरहेको छ । तर अवस्था बिग्रँदै गइरहेकाले, मृतक संख्या बढ्दै र गिरफ्तारी जारी रहेकाले पहिले कारबाही गर्नुपर्ने अवस्था आउन सक्ने उनले संकेत गरे । **इरानी विदेशमन्त्रीको आरोपः प्रदर्शनकारीले प्रहरी जिउँदै जलाए** इरानका विदेशमन्त्री अब्बास अराघचीले प्रदर्शनकारीहरूले प्रहरीलाई जिउँदै जलाएको आरोप लगाएका छन् । उनले यसलाई इजरायली गुप्तचर संस्था मोसादको षड्यन्त्र भनेका छन् । अराघचीले प्रहरीमाथि आक्रमण भएको भिडियो पनि सार्वजनिक गरेका छन् । **इरानको चेतावनी : आक्रमण भयो भने अमेरिकी फौज र इजरायल निशानामा** प्रदर्शनका बीच इरानले अमेरिकालाई आक्रमण भए अमेरिकी सैनिक र इजरायललाई निशाना बनाइने चेतावनी दिएको छ । इरानी संसदका अध्यक्ष मोहम्मद बागर गालिबाफले आइतबार संसदको प्रत्यक्ष सत्रमा भने, 'अमेरिकाले आक्रमण गऱ्यो भने क्षेत्रका सबै अमेरिकी सैन्य अड्डा, जहाज र इजरायल हाम्रो निशानामा हुनेछन् ।' उक्त सत्रमा सांसदहरूले 'डेथ टु अमेरिका' का नारा लगाइरहेका थिए । गालिबाफले सुरक्षा निकायको प्रशंसा गर्दै पक्राउ परेकाहरूसँग कडा व्यवहार गरिने र कडा सजाय दिइने चेतावनी दिए । उक्त भिडियो सामाजिक सञ्जालमा व्यापक रूपमा फैलिएको छ । **महँगीले आक्रोश बढ्दै** इरानभर जेन-जी पुस्तामा तीव्र आक्रोश छ । यसको मुख्य कारण आर्थिक बदहाली हो । डिसेम्बर २०२५ मा इरानी मुद्रा रियाल घटेर प्रति अमेरिकी डलर करिब १४.५ लाखसम्म पुगेको थियो, जुन अहिलेसम्मकै न्यूनतम स्तर हो । वर्षको सुरुदेखि रियालको मूल्य झन्डै आधा घटिसकेको छ । महँगी चरममा पुगेको छ । खाद्यान्नको मूल्य ७२ प्रतिशत र औषधिको मूल्य ५० प्रतिशतसम्म बढेको छ । यसका साथै सरकारले २०२६ को बजेटमा कर ६२ प्रतिशत बढाउने प्रस्ताव गरेपछि जनआक्रोश थप चुलिएको छ ।

## एआई पहलमा भारतलाई अमेरिकी निम्तो

***काठमाडौं,२८ पुस ।***
आर्टिफिसियल इन्टेलिजेन्स (एआई) आपूर्ति शृङ्खलालाई सुरक्षित गर्ने उद्देश्यले अमेरिकाको नेतृत्वमा सुरु गरिएको नयाँ अन्तर्राष्ट्रिय पहलमा सहभागी हुन भारतलाई आगामी महिना औपचारिक रूपमा आमन्त्रण गरिने नयाँदिल्लीका लागि नवनियुक्त अमेरिकी राजदूत सर्जियो गोरले बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत अगस्टमा भारतले रुसी तेल खरिद जारी राखेको आरोप लगाउँदै अधिकांश भारतीय आयातमा ५० प्रतिशत कर लगाएपछि दुई देशबीचको सम्बन्धमा केही चिसोपन आएको थियो । यद्यपि, दुवै पक्षले लामो समयदेखि रोकिएको व्यापार सम्झौतामा वार्ता अघि बढाइरहेका छन् । अमेरिकी दूतावासमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै राजदूत गोरले संयुक्त राज्य अमेरिकाले गत महिना सुरु गरेको 'प्याक्स सिलिका' पहलको पूर्ण सदस्य बन्न भारतलाई आग्रह गरिने जानकारी दिए । अमेरिकाको नेतृत्वमा अघि बढाइएको यस प्रयासमा जापान, दक्षिण कोरिया, सिङ्गापुर र अस्ट्रेलियाजस्ता प्रमुख एसिया-प्यासिफिक साझेदारहरूसँगै इजरायल पनि सहभागी छन् । यस पहलको मुख्य उद्देश्य एआई आपूर्ति शृङ्खलामा चीनको बढ्दो प्रभुत्वलाई सन्तुलनमा ल्याउनु हो ।

### कांग्रेसले काँचुली......

छैनन् । गुटबन्दी, सत्तामुखी चरित्र र प्रतिक्रियावादी राजनीतिले कांग्रेस आहत छ । राजनीतिक/वैचारिक हिसाबले पनि कांग्रेसले आफूलाई गतिशील बनाउन सकेको छैन । बीपीको समाजवादको पगरी भिरेर यहाँसम्म आइपुगेको कांग्रेसलाई बदलिएको समय र सन्दर्भ अनुरूप नीतिगत रूपमा परिस्कृत गर्दै लैजानु अहिलेको अनिवार्य सर्त हो ।नीति र सिद्धान्तको कुरा गर्दा कांग्रेस सधैं बीपी कोइरालातिर फर्किन्छ र बीपीको समाजवादको रटान लगाउँछ । बीपी कोइराला कांग्रेसका मात्रै होइन, नेपाली राजनीतिकै अग्ला व्यक्तित्व थिए । उनले नेपाली राजनीतिलाई दिशाबोध गर्न सक्थे । तर, के सधैं उनको नामको ब्याज खाएर मात्रै कांग्रेस जीवन्त भइरहन्छ ? समय, सन्दर्भ र आयाम बदलिएजस्तै कांग्रेसले आफूलाई नीतिगत हिसाबले पुनर्परिभाषित गर्नु आवश्यक छ । र, यो महाधिवेशन त्यसका लागि उचित मञ्च हो । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले यो मञ्चलाई आफ्ना नीति र राजनीतिक कार्यक्रम अनुमोदनको थलो बनाउन सक्नुपर्छ । कांग्रेसमा निकै कम वैचारिक मन्थन हुने गरेको आमरूपमा स्वीकारिएको यथार्थ हो । विगतमा प्रदीप गिरि र नरहरि आचार्यहरूले राजनीतिक विमर्शहरू गर्दा यो पार्टीमा 'केही त विचार बाँकी छ' साभार ईकान्तिपुर ।

### संक्रमणकालीन..........

बुझ्नुपर्छ । युवाहरूले आफ्नो योग्यता र क्षमताको स्वमूल्यांकन गरी आन्दोलनको मर्ममा हिँड्न सक्ने सामर्थ्य र माग सम्बोधन गर्न सक्ने योजना भए मात्रै कुनै पनि पदका लागि आफ्नो दाबी प्रस्तुत गर्नुपर्छ नत्र क्षमतावान्का लागि मार्गप्रशस्त गर्नसमेत सक्नुपर्दछ । पुराना दलहरूले समेत आन्दोलनलाई केवल क्षणिक आवेग वा उत्तेजनाका रूपमा नलिई सच्चिने अवसरका रूपमा सदुपयोग गर्नुपर्दछ ।अझै आन्दोलनकै मर्मअनुरूप युवा सहभागितालाई जोड दिँदै आगामी योजना बनाउन सकेमा जनतामा पुग्न सहज हुनेमा समेत विचार पुऱ्याउनुपर्ने देखिन्छ । यो साधारण अवस्थाबाट नभई विशेष परिस्थितिबाट सिर्जित वातावरण भएकाले आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि राष्ट्रको स्वार्थलाई राखेर हेर्न सक्नुपर्छ । लोकतन्त्रमा प्रश्न गर्ने र नेतृत्वलाई जवाफदेही बनाउन सके राजनीतिलाई फोहोरी बन्न दिनबाट रोक्न सकिन्छ भन्नेमा आम युवाहरूले भूमिका निर्वाह गर्न सक्नुपर्छ । जेन-जी आन्दोलनपश्चात् आन्दोलनको नेतृत्व लिन देखिएको हानथापदेखि वैकल्पिक शक्ति निर्माणसम्म आइपुग्दा युवाहरूको भूमिका औसत देखिए पनि आगामी यात्रामा सुझबुझ र विवेक नपुऱ्याए आन्दोलनको जगमा प्राप्त उपलब्धिहरू गुम्ने र संस्थागत नहुने खतरा रहन्छ ।साभार ईकान्तिपुर ।

### पिकअपको ठक्कर....

सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिनुभयो । ठक्कर दिने पिकअप गाडी र चालकको खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

### जसपा-लोसपा.............

रहँदै आएको जिकिर गर्दै उनले सुरुदेखि विभिन्न आन्दोलन, संघर्ष र संविधान निर्माणको बेलासम्म मधेसका एजेन्डाका लागि यी दलहरूले आवाज उठाएको प्रस्ट पारे ।निर्वाचन क्षेत्र पुनरवलोकन, पुनर्मुल्याङ्कन जस्ता माग दुवै दलले उठाएको झाको भनाइ छ । 'कतिपय माग र मुद्दा साझा भएकै कारण यी दल सकारात्मक सोचका साथ एक भएका छन्,' उनले भने, 'विगतमा जे भयो, त्यसलाई अहिले नकेलाऔं, तर अब सतर्कता अपनाउनुपर्छ ।

एक भएर मधेसी जनताका मुद्दा उठाउनुपर्छ ।''समाजमा यो मिलनले न जनतालाई विशेष खुसी दिएको छ, न दुःखी,' उनले भने, 'जनताले बुझिरहेका छन् । जसलाई गाली गर्छन्, फेरि उसैसँग मिल्छन् ।'

जेनजी पुस्ताको आन्दोलनपछि आएको परिवर्तनको चाहनालाई यी दलले कति संरक्षण गर्न सक्छन् भन्ने प्रश्न महत्त्वपूर्ण रहेको झाले बताए । 'जनमत संरक्षण गर्न सक्छन् कि सक्दैनन्, यही परीक्षण हुनेछ,' उनले भने, '

# स्वास्थ्य

## जब नियमित खानुपर्ने गर्भनिरोधक औषधि छुट्छ



अनिच्छित गर्भ रोक्नका लागि महिलाले गर्भनिरोधक चक्की अर्थात् बर्थ कन्ट्रोल पिल्स सेवन गर्छन् । गर्भ निरोधक चक्कीमा महिलाको शरीरमा हुने इस्ट्रोजेन र प्रोजेस्टेरोन हुने गर्छ । यी हर्मोनहरूले महिलाको डिम्बाशयमा डिम्बको वृद्धि विकास नियन्त्रण गर्छ । गर्भ निरोधक चक्कीबाट प्राप्त हुने अधिक बाह्य हर्मोनका कारण डिम्बको वृद्धि विकासमा नकारात्मक असर पुग्न गई गर्भ रहने भय हुँदैन । साथै यो औषधिले पाठेघरबाट उत्पादन हुने तरल पदार्थलाई बाक्लो बनाउँछ । जसले गर्दा शुक्राणु डिम्बवाहिनी नलीसम्म समयमै पुग्न कठिन हुन्छ । मासिक धर्मको चक्रलाई कायम राख्न यो चक्की नियमित रुपमा सेवन गर्नुपर्छ । यदि कुनै दिन गर्भनिरोधक चक्की सेवन गर्न भुलियो भने के गर्ने ? यसलाई सेवन गर्न चिकित्सकको सल्लाह चाहिन्छ कि चाहिँदैन ? महिनावारी भएको कुन दिनबाट गर्भनिरोधक चक्की सुरु गर्ने ? पहिलो पटक यो चक्की सुरु गर्न आँटेको हो भने महिनावारी भएको पाँच दिनभित्र सुरु गर्न सकिन्छ । अधिकतर गर्भनिरोधक चक्की पनि २८ दिनको हुन्छ भने केही २१ दिनको । २८ दिने चक्कीमा २१ दिन हर्मोन हुन्छ र बाँकी सात चक्कीमा आइरन हुन्छ । यस्तो खाले पिल्स चक्की सेवन गरिरहेको हो र २८-२८ दिनमा महिनावारी हुन्छ भने एउटा प्याकेट सकिएपछि अर्को किनेर खान सकिन्छ । २१ दिने चक्की खाएको हो भने महिनावारी भएको तीनदेखि पाँच दिनभित्र फेरि सुरु गर्नुपर्छ । **कुन समयमा खानु प्रभावकारी ?** दैनिक रुपमा गर्भनिरोधक चक्की सेवन गर्दा जुनसुकै समयमा भन्दा पनि सकेसम्म एउटै समयमा गर्नुपर्छ । यसले गर्दा हर्मोन सन्तुलनमा रहन्छ । चक्की लिने समय बढीमा एक वा दुई घण्टा तल माथि हुनु राम्रो हुन्छ । तर यो समय निकै घटबढ भएमा गर्भवती हुने सम्भावना बढ्छ । **आकस्मिक र गर्भनिरोधक चक्कीमा के फरक छ ?** यो विषयमा धेरैजसो महिला द्विविधाग्रस्त हुन्छन् । अनिच्छित गर्भ रोक्न महिनाभरि सेवन गर्ने चक्की गर्भनिरोधक चक्की हो । कुनै सुरक्षा विधि नअपनाई यौन सम्बन्ध बनाउँदा सम्भावित गर्भबाट बच्न दिइने चक्कीलाई आकस्मिक चक्की भनिन्छ । आकस्मिक गर्भनिरोधक चक्कीमा हर्मोनको मात्रा सामान्यभन्दा बढी हुन्छ । हर्मोन बढी भएकै कारणले यो गर्भनिरोधका लागि प्रभावकारी मानिन्छ । त्यसैले आकस्मिक गर्भनिरोधक चक्कीको प्रयोग आकस्मिक वा कहिलेकाहीं मात्र प्रयोग गर्नु उत्तम हुन्छ ।

**कुनै दिन खान छुटे के गर्ने ?**
दैनिक सेवन गर्नुपर्ने यो चक्की सकेसम्म छुटाउनु हुँदैन । महिनावारीको पहिलो दिनबाट औषधि सेवन गरेको छ र पहिलो हप्तामा कुनै दिन औषधि छुट्यो भने अर्को दिन दुईवटा चक्की सेवन गर्दा हुन्छ । पहिलो हप्तामा नै दुईवटा चक्की छुट्यो भने दुई दिन दुई-दुईवटा चक्की सेवन गर्नुपर्छ ।

तेस्रो हप्तामा दुई दिनभन्दा बढी औषधि छुट्यो भने औषधिसँगै अन्य गर्भ निरोधक उपाय (जस्तै कण्डम) पनि अपनाउनुपर्छ । लगातार सात चक्की छुट्यो भने औषधि सेवन नै बन्द गरेर अन्य भरपर्दो उपाय अपनाउनुपर्छ र अर्को पटक महिनावारीपछि पिल्स चक्की पुनः खान सुरु गर्न सकिन्छ । **गर्भनिरोधक चक्की सेवन गर्न चिकित्सकको सल्लाह चाहिन्छ कि चाहिँदैन ?** गर्भनिरोधक चक्की औषधि पसलमा सजिलै उपलब्ध हुने भएकाले धेरैले चिकित्सकको सल्लाह विना नै सुरु गर्छन् । तर यसको पनि साइड-इफेक्ट हुने भएकाले जोसुकैले यसको प्रयोग गर्न मिल्दैन ।

निर्धारित मापदण्डको पाल्ना गरौं, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।
**करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा**

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# जसपा-लोसपा एकीकरण : जसलाई गाली गर्छन्, फेरि उसैसँग मिल्छन्



**जनकपुर,२८ पुस ।**
जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपालबिच एकता भएसँगै मधेसमा मिश्रित प्रतिक्रिया आउन थालेको छ । आइतबार दुवै पार्टीका अध्यक्षले हस्ताक्षर गर्दै औपचारिक रूपमा एकीकरण भएको घोषणा गरेसँगै कतिपयले यो एकता दिगो हुनेमा आशङ्का व्यक्त गरेका छन् भने कतिपयले स्वागत गरेका छन् ।
विगतमा पनि यस्ता एकता भएको जिकिर गर्दै एकथरीले सत्ता स्वार्थका कारण दल विभाजन हुँदै आएको स्मरण गराएका छन् । त्यसैले अहिलेको एकता पनि कति दिगो हुन्छ भन्ने ठेगान नभएको उनीहरूको तर्क छ । हुन पनि चुनावको बेला विभिन्न दल मिल्ने, आफ्ना सत्ता स्वार्थका लागि एक भएर चुनाव लड्ने, तर चुनाव सकिएपछि फेरि मत नमिल्दा विभाजन हुने परिपाटी दोहोरिँदै आएको छ । वरिष्ठ पत्रकार अजय झाले मधेसवादी शक्ति एकीकृत हुनु राम्रो सङ्केत रहेको बताए । जनकपुरधामका युवा अभियन्ता सरोज कुमार मिश्र (मास) मधेसी दल वा कथित मधेसवादी दलहरू सत्ता स्वार्थकै आधारमा मिल्ने र फुट्ने उदाहरण विगतमा कैयौँ पटक झेलिसकेको बताउँछन् । 'मिल्नु र फुट्नु यिनीहरूको संस्कार जस्तै भइसकेको छ,' उनले भने, 'आफ्नो स्वार्थ र सत्ता बचाउन यिनीहरू जे पनि गर्न तयार हुन्छन् ।' अहिले जसपा नेपाल र लोसपा नेपालबिच भएको एकता कुनै परिवर्तन वा मधेसी मुद्दाका लागि केन्द्रित नरहेको मिश्रको भनाइ छ । उनले कुशासन र भ्रष्टाचारविरुद्ध जेनजी आन्दोलनले नेतृत्व परिवर्तनको विषयलाई निकै महत्त्वका साथ स्थापित गरेको बताए । तर जसपा-लोसपाको एकीकरणले नेतृत्वमा कुनै परिवर्तन नदेखाएको उनको तर्क छ । 'जबसम्म युवाहरूलाई समावेश गर्ने बाटो बन्दैन, दुवैको एकीकरणबाट मधेसी जनतालाई फाइदा हुँदैन,' उनले भने । जेनजी आन्दोलनपछि नेतृत्व परिवर्तनको माग उठेसँगै नेपाली कांग्रेस, नेकपा एमाले लगायत सबैजसो पुराना दल डराएको मिश्रले बताए । 'जनतामा हाम्रो उपस्थिति घट्ला कि भनेर सबैजसो दल त्रसित छन् । त्यसैले जसपा नेपाल र लोसपा नेपाल पनि अहिलेको प्रतिकूल अवस्थामा केही सिट बढ्ला कि भन्ने सोचले एक भएका हुन्,' उनले भने, 'तर यो निर्वाचनको परिणाम अपाच्य हुन सक्छ । युवाहरूले पुराना कुनै पनि दललाई मत नदिई परिवर्तन खोज्ने सम्भावना छ ।' वरिष्ठ पत्रकार अजय झाले मधेसवादी शक्ति एकीकृत हुनु राम्रो सङ्केत रहेको बताए । मधेसका जनतालाई संस्थागत गर्न यी दुई दलको प्रमुख भूमिका


बाँकी तेश्रो पृष्ठमा

# ५० ले दिए समानुपातिक उम्मेदवारी फिर्ताको निवेदन, जनमतका मात्रै २० जना




**काठमाडौं,२८ पुस ।**
समानुपातिक तर्फको बन्दसूचीमा नाम रहेका ५० जनाले उम्मेदवारी फिर्ताको निवेदन निर्वाचन आयोगमा दिएका छन् । आयोग स्रोतका अनुसार यो दिउँसो ३ बजेसम्मको विवरण हो । उम्मेदवारी फिर्ताका लागि दिउँसो ४ बजेसम्म निवेदन दिन सकिने समय छ । यसकारण यो संख्यामा केही थप हुन पनि सक्नेछ । उम्मेदवारी फिर्ताका लागि निवेदन दिने ५० जनामा २० जना जनमत पार्टीका छन् । जनमत पार्टीले समानुपातिक तर्फ ११० जनाकै नाम बुझाएको छ । २७५ सदस्यीय प्रतिनिधि सभा सदस्यका लागि ११० जना समानुपातिक निर्वाचन प्रणालीतर्फबाट र १६५ जना प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत निर्वाचित हुन्छन् । राजनीतिक दलहरूले यही पुस १३ र १४ गते निर्वाचन आयोगमा समानुपातिक तर्फको बन्दसूची बुझाएका थिए । उक्त सूचीमा कलस्टर मिले/नमिलेको हेरेर दलहरूले यही पुस २७ गतेसम्म सच्याइसकेका छन् ।आज उम्मेदवार स्वयमले उम्मेदवारी फिर्ता लिन चाहेको खण्डमा निवेदन दिने समय हो । निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार उम्मेदवारी फिर्ताका लागि उम्मेदवार स्वयमले आयोगमा उपस्थित भएर निवेदन दिनुपर्छ । त्यसपछि आयोगले सम्बन्धित दललाई उम्मेदवारले उम्मेदवारी फिर्ता लिन निवेदन दिएको भनेर उक्त स्थानमा अर्को उम्मेदवार पठाउन समय दिनेछ । प्रतिनिधिसभाको निर्वाचन भने आगामी २१ फागुनमा छ । प्रत्यक्ष तर्फको उम्मेदवारी दर्ता आगामी माघ ६ गतेका लागि तय भएको छ ।

# कल्याणपुर नगरपालिकाका पूर्वमेयर साह भ्रष्टाचार मुद्दामा दोषी ठहर




**जनकपुर,२८ पुस ।**
सिराहाको कल्याणपुर नगरपालिकाका तत्कालीन मेयर रामपुकार साह तेली भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । विशेष अदालत काठमाडौँले सोमबार उनलाई घुस लिएको अभियोगमा ६ महिना कैद र १ लाख रुपैयाँ जरिवाना गर्ने फैसला सुनाएको हो । विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट न्यायाधीशहरू हेमन्त रावल र उमेश कोइरालाको इजलासले तेलीलाई घुस लिएको अभियोगमा भ्रष्टाचार ठहर गरेको हो । मेयर तेलीले नगरपालिकाको आर्थिक वर्ष २०८१-८२ को पक्की नाला निर्माण योजनाको भुक्तानी मिलाइदिने बहानामा उपभोक्ता समितिका अध्यक्ष जसोधा कुमारीसँग १ लाख रुपैयाँ घुस मागेका थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयले खटाएको टोलीले तेलीलाई उक्त घुस रकमसहित रंगेहात पक्राउ गरेको थियो । अदालतमा तेलीले उक्त रकम छोराको व्यापारिक कारोबारको भएको दाबी गरे पनि मोबाइल संवादको स्क्रिप्ट र बरामद नोटको नम्बर भिड्दा उनी दोषी देखिएका हुन् । अदालतले तेलीलाई १ लाख रुपैयाँ जरिवानाका साथै अपराध पीडित संरक्षण कोषमा ४ हजार रुपैयाँ शुल्क बुझाउन समेत आदेश दिएको छ । यसैबिच, सोही मुद्दामा प्रतिवादी बनाइएकी उपभोक्ता समितिकी अध्यक्ष जसोधा कुमारीले भने सफाइ पाएकी छिन् । उनले अदालतमा बयान फेरेको (होस्टायल भएको) भन्दै अख्तियारले मुद्दा चलाए पनि उनले जानीजानी भ्रष्टाचार गरेको पुष्टि हुने ठोस प्रमाण नभेटिएकाले अदालतले उनलाई सफाइ दिएको हो ।


## बीरगन्ज महानगरपालिकाद्वारा जनहितमा जारी संदेश

प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेसका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ। त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ।

**बच्ने उपायहरु**

- गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

छरछिमेकमा कोहि बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।

## भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।

❖मौलिक संस्कृतिको रक्षा गरौं।
❖राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
❖मातृभाषाको सम्मान गरौं।
❖परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
❖महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
❖सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
❖सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
❖आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा


निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा